# प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र समक्ष
शिक्षाशास्त्र विषयमा विद्यावारिधि (पिएच.डी.) उपाधिका निमित्त
प्रस्तुत

## शोधप्रबन्ध


शोधकर्ता

मोहन बहादुर कडेल
नेसंवि दर्ता नं. ३६८/२०७३


२०८०

## शोधनिर्देशकको सिफारिस पत्र

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रमा मिति २०७३/०२/३१ गते स्थायी नाम दर्ता गरी शोधकर्ता मोहन बहादुर कडेलद्वारा शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका निमित्त 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकको शोधप्रबन्ध मेरो निर्देशनमा पूरा गरिएको हो । मिति २०८०/०२/११ गते सम्पन्न अन्तिम वाक्परीक्षामा उठेका प्रश्नहरूको समेत यथोचित रूपमा सम्बोधन भइसकेकाले विद्यावारिधि उपाधिका लागि प्रस्तुत शोधप्रबन्धबाट म पूर्ण सन्तुष्ट छु । विषयगत विश्लेषणका निमित्त तयार पारिएका सैद्धान्तिक मानक र ती मानक भित्रै रहेर गरिएको विश्लेषण वस्तुपरक, प्रामाणिक तथा औचित्यपूर्ण भएकाले विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

....................................

(प्रा.डा. तीर्थ राज पराजुली)

शोधनिर्देशक

मिति :

## शोधविशेषज्ञको सिफारिस पत्र

शोधकर्ता मोहन बहादुर कडेलद्वारा नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रमा २०७३/०२/३१ गते स्थायी नाम दर्ता गरी 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकको प्रस्तुत शोधप्रबन्ध मेरो विशेषज्ञतामा तयार गरिएको हो । मिति २०८०/०२/११ गते सम्पन्न अन्तिम वाक्परीक्षामा उठेका प्रश्नहरूको समेत सम्बोधन भइसकेको तथा यो शोधप्रबन्ध समसामयिक, मौलिक एवं शोधप्रबन्धोचित शिल्प र शैलीयुक्त भएकोले शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

........................................

(प्रा.डा. मोहनप्रसाद तिमल्सिना)

शोधविशेषज्ञ

मिति :

# शोधविशेषज्ञको सिफारिस पत्र

मिति २०७३/०२/३१ गते स्थायी दर्ता गरी 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकमा प्रस्तुत शोधप्रबन्ध शोधकर्ता मोहन बहादुर कडेलले मेरो परामर्श र विशेषज्ञतामा तयार गर्नुभएको हो । मिति २०८०/०२/११ गते सम्पन्न अन्तिम वाक्परीक्षामा उठेका प्रश्नहरूको समेत सम्बोधन भइसकेको हुँदा प्रस्तुत शोधप्रबन्धप्रति म पूर्ण रूपले सन्तुष्ट छु । यो शोधप्रबन्ध समसामयिक एवं मौलिक भएकोले शिक्षाशास्त्र विषयमा विद्यावारिधि उपाधिका निमित्त नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र समक्ष सिफारिस गर्दछु ।

........................................

(सह प्रा.डा. गणेशप्रसाद घिमिरे)

शोधविशेषज्ञ

मिति :

# प्रतिबद्धता पत्र

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, काठमाडौँ कार्यालयमा शिक्षाशास्त्र विषयमा विद्यावारिधि (पिएच.डी.) उपाधिका लागि प्रस्तुत 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकको शोधप्रबन्ध मैले सम्पन्न गरेको मौलिक कार्य हो । शोधप्रबन्ध तयारीका क्रममा शिक्षाविद्, विषय विशेषज्ञ, विभिन्न गुरुकुल विद्यालयका प्राचार्य तथा शिक्षक, अन्य सम्बद्ध व्यक्तित्व आदि प्राथमिक स्रोतहरूबाट सामग्री सङ्कलन गरी आवश्यकताका आधारमा यसभित्र उपयोग गरिएको छ । यसमा आवश्यकतानुसार द्वितीयक स्रोतबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

यस शोधप्रबन्धमा प्रस्तुत गरिएको निष्कर्षलाई मैले यस अघि कहीँ कतै र कुनै उपाधि वा अन्य कुनै प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । साथै यस शोधप्रबन्धको कुनै पाठ वा अंशलाई कुनै पुस्तक वा पुस्तकांशका रूपमा प्रकाशित गरे गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका बारेमा कुनै प्रमाण भेटिएमा त्यसप्रति म स्वयम् जिम्मेवार हुनेछु ।

............................

मिति : २०८०/०५/२१

(मोहन बहादुर कडेल)
शोधकर्ता

# कृतज्ञता ज्ञापन

'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' शीर्षकको यो शोधप्रबन्ध शैक्षिक अनुसन्धानका क्षेत्रमा नयाँ ज्ञान प्राप्तितर्फ उन्मुख रहेर तयार गरिएको छ । करिब दुई दशक भन्दा बढी शिक्षण सेवामा कार्यरत रहँदा शैक्षिक व्यवस्थापनको तत्कालीन अवस्था चित्तबुझ्दो नपाइएकोले प्रस्तुत शोध शीर्षक अध्ययनका लागि मेरो प्राथमिकतामा परेको हो । उक्त शीर्षकको शोधकार्य अघि बढाउन प्रस्ताव स्वीकृत गरी वातावरण तयार गरिदिएकोमा नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र, काठमाडौँप्रति कृतज्ञ छु । यो शोधप्रबन्ध तयार गर्न शोधनिर्देशक, शोधविशेषज्ञहरू, शोधसँग सम्बन्धित विषय विज्ञहरू, प्राचार्य/शिक्षकहरू साथै अरू धेरै व्यक्तित्वहरूको प्राज्ञिक निर्देशन, परामर्श र हौसला प्राप्त भएको छ । सर्वप्रथम म उहाँहरू सबैप्रति आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत शोधप्रबन्ध आदरणीय गुरु शिक्षाविद् प्रा.डा. तीर्थ राज पराजुलीको निर्देशनमा तयार पारेको हुँ । उहाँको सरल र नियमित प्राज्ञिक मार्गदर्शनले गर्दा नै यस शोधकार्यलाई पूर्णता दिन सकिएको हो । शोधनिर्देशक श्रद्धेय गुरुले प्रस्तुत शोधकार्यप्रति देखाउनु भएको गहिरो स्नेह, माया, अभिरुचि, प्राविधिक सहयोग एवं मार्गदर्शनका लागि म उहाँप्रति हार्दिक कृतज्ञतासहित आभार प्रकट गर्दछु । साथै यो शोधप्रबन्धका लागि विषय विशेषज्ञका रूपमा रहनु भएका आदरणीय गुरुहरू प्रा.डा. मोहनप्रसाद तिमल्सिना र सह प्रा.डा. गणेशप्रसाद घिमिरेबाट विषयगत रूपमा महत्त्वपूर्ण सुझाव पाएको छु । शोधकार्यका क्रममा नियमित रूपमा प्राप्त न्यानो प्रेम, प्राज्ञिक परामर्श र मार्गदर्शनका लागि म उहाँहरूप्रति कृतज्ञ छु र सहयोगप्रति धन्यवाद प्रकट गर्दछु ।

साथै प्रस्तुत शोधसम्बन्धी विषयको गहनतालाई बुझेर सो शीर्षकमा अनुसन्धान गर्ने अवसर उपलब्ध गराइ दिएकोमा नेसंवि, अनुसन्धान केन्द्र, काठमाडौँका तत्कालीन कार्यकारी निर्देशक डा. विष्णुप्रसाद दहाल, वर्तमान कार्यकारी निर्देशक प्रा.डा. सुधनकुमार पौडेल र अनुसन्धान केन्द्र परिवारप्रति कृतज्ञता तथा आभार व्यक्त गर्दछु । विशेष गरेर यस शोधकार्यमा कार्यालयीय सहयोग र आवश्यक सूचना निरन्तर प्रदान गर्नुहुने अनुसन्धान

केन्द्रका उपप्रशासक नारद पौडेल, सहायक प्रशासक नगेन्द्रराज रेग्मी लगायत सम्बद्ध कर्मचारीप्रति सम्मान व्यक्त गर्दछु ।

शोध सामग्री सङ्कलनका क्रममा सहयोग गर्नु हुने औपचारिक तथा अनौपचारिक विद्यालय/आश्रमका श्रद्धेय प्राचार्य, गुरुहरू, विशेषज्ञहरू, सञ्चालकहरू, सम्बद्ध विषयविज्ञहरू, शिक्षाविद्हरू, विभिन्न पुस्तकालयका कर्मचारीहरू, सहकर्मी, सहपाठी साथीहरूबाट प्रत्यक्ष एवं परोक्ष रूपमा प्राप्त भएको परामर्श र मार्गदर्शनप्रति आभार व्यक्त गर्दछु । साथै शोधकार्य सम्पन्न गर्नका लागि सधैँ सुझाव र प्रेरणा प्रदान गर्नुहुने सहकर्मी मित्र डा. नवीनबन्धु पहाडी दाहालप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सबैखालको प्रतिकूल परिस्थितिमा पनि शैक्षिक उन्नयन र प्रगतिका लागि जीवन भरी मलाई साथ, सहयोग र संरक्षकत्व प्रदान गरी मेरो शैक्षिक उन्नतिका लागि सदा हौसला एवं अभिप्रेरित गर्नुहुने प्रातः स्मरणीय पिता बलबहादुर कडेल र माता लीलावती कडेलप्रति शिर झुकाई हार्दिक नमन गर्दछु । उक्त शोधकार्यको पाण्डुलिपिलाई कम्प्युटरमा लिपिबद्ध गर्न र अनुसन्धानका क्रममा सबै किसिमको सहयोग गरी शोधकार्यलाई पूर्णता दिन उल्लेखनीय भूमिका निर्वाह गर्ने मेरी धर्मपत्नी लक्ष्मी खकुराल कडेलको साथ र सहयोग नभएको भए यो शोध यहाँसम्म आउने नै थिएन । त्यसैले उनको सप्रेम सहयोगप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै यस शोधकार्यमा थप हौसला दिई आवश्यक सहयोग पुऱ्याउने छोराहरू कुशल कडेल, कृशल कडेल र समस्त कडेल बन्धुबान्धवप्रति धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, शोधप्रबन्धको टङ्कण व्यवस्थापन गर्ने निर्मल कम्प्युटर तथा फोटोकपी सेन्टर, कलंकीलाई धन्यवाद ज्ञापन गर्दछु ।

विनीत,
मोहन बहादुर कडेल
शोधकर्ता

# शोधसार

प्रस्तुत शोधको शीर्षक 'प्राच्य शिक्षामा औपचारिक तथा अनौपचारिक शैक्षिक व्यवस्थापन' रहेको छ । नेपालको सन्दर्भमा प्राच्य शिक्षा भन्ने बित्तिकै संस्कृत शिक्षा हो । संस्कृत शिक्षाको मेरुदण्ड गुरुकुल शिक्षा हो । प्राच्य शिक्षाको उद्‌गमलाई हेर्दा औपचारिक र अनौपचारिक दुबै स्वरूपमा शिक्षा ग्रहण गर्दै आएको पाइन्छ । परम्परागत शिक्षा पद्धतिमा गुरुकुल/आश्रम, विहार/गुम्बा र मदरसा गरी तीन किसिमका धार्मिक पृष्ठभूमि भएका शिक्षा पद्धति प्रचलनमा रहेका छन् । वैदिक सनातन हिन्दु दर्शनबाट अनुप्राणित प्राच्य शिक्षाको आफ्नै पद्धति, सीमा, विशेषता, स्वरूप, आदर्श, मूल्यमान्यता, सौन्दर्य र अनुशासन जस्ता पक्षहरू रहेका छन् । प्रस्तुत शोध नेपालमा राणाकालपूर्वको गुरुकुल शैक्षिक व्यवस्थापन र त्यसले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावमा केन्द्रित छ ।

यस शोधप्रबन्धमा प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन के कस्ता थिए ?, प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन कसरी गरिन्थ्यो ? र प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव कस्ता छन् ? लाई विशिष्ट समस्याका रूपमा औल्याइएको छ । साथै प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठनको समीक्षा गर्नु, प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनका पक्षहरू विश्लेषण गर्नु र प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभावको खोजी गर्नु यस शोधका विशिष्ट उद्देश्यहरू हुन् ।

यस शोधको लक्ष्य शोध समस्यासँग सम्बद्ध क्षेत्रमा नवीन ज्ञानको खोजी, निर्माण र विद्यमान रिक्तताको परिपूर्ति गर्नु हो । प्राच्य शिक्षा पद्धति र शोधले निर्धारण गरिएका पक्षहरूमा व्यवस्थापन गरिएका असल अभ्यासहरूलाई आधुनिक गुरुकुल तथा विद्यालयको व्यवस्थापन सुधारमा मार्गनिर्देश गर्नु हो । साथै शिक्षा व्यवस्थापनका क्षेत्रमा नीति तथा योजना निर्माण, कार्यान्वयन, सुपरीवेक्षण एवं मूल्याङ्कन तहमा क्रियाशील व्यक्तित्वहरूका लागि आवश्यक पृष्ठपोषण प्रदान गर्नु यस शोधको औचित्य हो ।

प्रस्तुत शोधमा गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । साथै शोधका उद्देश्यहरू प्राप्तिका लागि प्राथमिक र सहायक दुबै स्रोत सामग्रीको प्रयोग गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत संस्कृत वा गुरुकुल शिक्षामा नाम स्थापित भएका प्रतिष्ठित विशेषज्ञ

र देशका विभिन्न भागमा सञ्चालित गुरुकुलका प्राचार्य तथा शिक्षकहरूलाई उत्तरदाताका रूपमा लिइएको थियो । सहायक स्रोत अन्तर्गत आधिकारिक पुस्तकहरू, जर्नलमा प्रकाशित लेखहरू, विभिन्न शिक्षाका प्रतिवेदनहरूलाई लिइएको थियो । शोधकार्य सम्पन्न गर्न असंरचित अन्तर्वार्ता प्रश्नावलीलाई अध्ययन साधनका रूपमा प्रयोग गरी सम्बन्धित उत्तरदातासँग कुराकानी, लक्षित व्यक्ति केन्द्रित अनौपचारिक छलफल र अन्तर्वार्ता जस्ता विधिहरूको प्रयोग गरिएको थियो ।

यस शोधकार्यमा तथ्याङ्क सङ्कलन कार्यलाई वैध र विश्वसनीयता कायम राख्न नेपाल राज्यलाई अनुसन्धान क्षेत्र मानी कम्तीमा प्रदेशगत रूपमा एकवटा गुरुकुल विद्यालय र जिल्ला पर्ने गरी एघारवटा औपचारिक र दुईवटा अनौपचारिक विद्यालय लिइएको थियो । शोध शीर्षकको विशिष्टताका आधारमा गुरुकुलसँग सम्बन्धित विशिष्ट विद्वान् आठजना विशेषज्ञ तथा वर्तमानमा सञ्चालित गुरुकुल विद्यालयमा अध्यापनरत तेह्रजना प्राचार्य/शिक्षकलाई उत्तरदाता छनोट गर्न सम्भावनारहित विधि अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको थियो ।

शैक्षिक प्रशासन र सङ्गठन, आर्थिक व्यवस्थापन, शिक्षक प्रशासन, विद्यार्थी प्रशासन, विद्यार्थी मूल्याङ्कन, शैक्षणिक व्यवस्थापन, भौतिक व्यवस्थापन, शैक्षिक सुपरीवेक्षण र मूल्याङ्कन गरी प्राच्य शैक्षिक व्यवस्थापनका आठ पक्षहरू यस शोधका विषयगत क्षेत्रहरू हुन् । यस शोधलाई परिचय, पूर्वकार्यको समीक्षा, शोधविधि, प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन, प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन, प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेका प्रभाव तथा सारांश र निष्कर्ष गरी सात अध्यायमा विभक्त गरिएको छ ।

गुरुकुल परम्परागत अभ्यास, शैली र व्यवहारमा आधारित छ । वैदिककालदेखि आधुनिक कालसम्म स्वायत्त रूपमा गुरुकुल सञ्चालित रहेकाले व्यवस्थापन प्रभावकारी र लचकदार पाइन्छ । गुरुकुलको प्रतिबिम्बका रूपमा औपचारिक र अनौपचारिक दुबै प्रकृतिका विद्यालयहरू रहेका छन् । औपचारिक गुरुकुलले राज्यबाट निर्धारित नीति नियम एवं संरचनालाई स्वीकार गरेको पाइन्छ भने अनौपचारिक गुरुकुलमा परम्पराको प्रभाव देखिन्छ ।

गुरुकुलमा धार्मिक, व्यावसायिक र व्यावहारिक प्रकृतिको एकीकृत शिक्षा पाठ्यक्रममार्फत पठनपाठन गर्ने व्यवस्था गरिन्थ्यो । खासमा शास्त्रीय ज्ञान र गुरुवाणीलाई पाठ्यक्रम निर्माणका आधार मानिन्थ्यो । गुरुकुलमा विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोगात्मक

हुन्थ्यो । कक्षागत व्यवस्था थिएन तर श्रेणी निर्धारण योग्यताका आधारमा हुन्थ्यो । शिक्षण क्रियाकलाप सम्पन्न पछि गुरुले पढाउनु भएका विषयवस्तुमा आधारित शास्त्रार्थ गर्न सकेमा विद्वत्सभामा शिष्यलाई दीक्षान्त समारोहमार्फत स्नातक उपाधि दिइन्थ्यो ।

गुरुको सबल नेतृत्व, निःस्वार्थ सेवा समर्पण, गुरु-शिष्य सम्बन्ध, स्वाध्यायमार्फत पेसागत विकास, निःशुल्क शिक्षा, मूल्यमा आधारित शिक्षा, असंरचित प्रशासन, सङ्गठन, पाठ्यक्रम विनाको सफल सिकाइ, भिक्षादानद्वारा प्रवर्धित, जीवनोपयोगी सीप, प्रयोगात्मक र व्यावहारिक शिक्षा, प्रकृतिमैत्री सिकाइ वातावरण, अनुशासन, नैतिकता र स्व मूल्याङ्कन आदि पक्षहरू गुरुकुल शिक्षा व्यवस्थापनका असल अभ्यासहरू हुन् ।

वर्तमानमा वैदिककालमा जस्तो गुरुकुल सञ्चालन गर्न सम्भव नभए पनि गुरुकुलका सकारात्मक कार्य तथा असल व्यवहारहरूलाई पछ्याइनु आधुनिक शिक्षा व्यवस्थापन, विकास र सुधारका निमित्त आवश्यक रहेको देखिन्छ । प्राचीन स्वरूपका कम्तीमा एक स्वायत्त र स्वतन्त्र गुरुकुल प्रत्येक स्थानीय तहमा व्यवस्थापन गर्ने प्रभावकारी नीति बनाई कार्यान्वयनमा ल्याउनु उचित देखिन्छ ।

प्राच्य शिक्षामा शिष्यद्वारा गुरुलाई र आधुनिक शिक्षामा गुरुद्वारा शिष्यलाई खोज्नु परेको अवस्था देखिन्छ । शिक्षण कार्यलाई गुरुकुलमा सेवा र आधुनिक शिक्षामा पेशाको रूपमा चिनिन्छ । त्यसैले आधुनिक शिक्षाको विकाससँगै नैतिकता र अनुशासनमा ह्रास आएको अनुभूति हुन्छ । गुरुकुल पद्धतिले आफ्नै किसिमको गुरु-शिष्य सम्बन्ध, लचकता र मौलिक परम्परालाई आत्मसात् गरेको छ । तसर्थ आधुनिक शिक्षामा पनि गुरुकुलीय व्यवस्थापनको राम्रो अभ्यास अनुसरण गरेर सुसंस्कृत आचरण र नैतिक व्यवहारको विकास गराउनु आवश्यक देखिन्छ भन्ने शोधको निष्कर्ष रहेको छ ।

# विषयसूची


| | |
|---|---|
| शोधनिर्देशकको सिफारिस पत्र | क |
| शोधविशेषज्ञको सिफारिस पत्र | ख |
| शोधविशेषज्ञको सिफारिस पत्र | ग |
| प्रतिबद्धता पत्र | घ |
| कृतज्ञता ज्ञापन | ङ |
| शोधसार | छ |
| विषय सूची | ञ |
| सङ्क्षेपीकृत शब्द सूची | ण |
| तालिका सूची | थ |
| चित्र सूची | द |


## अध्याय : एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | विषय प्रवेश | १ |
| १.२ | नेपालमा प्राच्य शिक्षाको विकासक्रम | ३ |
| १.२.१ | नेपालमा प्रजातन्त्रको उदय हुनुअघिको प्राच्य शिक्षा | ५ |
| १.२.२ | नेपालमा प्रजातन्त्रको उदयपछिको प्राच्य शिक्षा | ८ |
| १.३ | समस्या कथन | ११ |
| १.४ | शोधका उद्देश्यहरू | ११ |
| १.५ | शोधको औचित्य, महत्त्व र उपयोगिता | १२ |
| १.६ | शोधको परिसीमा | १३ |
| १.७ | शोधप्रबन्धको रूपरेखा | १४ |

## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा


२.१ विषय प्रवेश १५

२.२ सैद्धान्तिक साहित्यको समीक्षा १५

२.२.१ प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापनको सिद्धान्त १६

२.२.१.१ औपचारिक सिद्धान्त १८

२.२.१.२ विषयगत सिद्धान्त १९

२.२.१.३ सांस्कृतिक सिद्धान्त १९

२.२.१.४ सम्पूर्ण गुणस्तरीय व्यवस्थापन २०

२.२.२ शिक्षामा सम्पूर्ण गुणस्तरीय व्यवस्थापन २१

२.३ प्रायोगिक साहित्यको समीक्षा २४

२.४ सम्बन्धित अनुसन्धानको समीक्षा ३०


## अध्याय : तीन

## शोधविधि


३.१ विषय प्रवेश ३५

३.२ अध्ययनको ढाँचा ३५

३.३ शोधविधि ३६

३.३.१ तथ्याङ्कको स्रोत ३६

३.३.१.१ प्राथमिक स्रोत ३६

३.३.१.२ सहायक स्रोत ३७

३.३.२ नमुना छनोट ३७

३.३.३ प्राथमिक तथ्याङ्क सङ्कलनका उपकरण ४३

३.४ अध्ययन उपकरण विकास र अन्तिम स्वरूप ४४

३.५ स्थलगत अध्ययन प्रक्रिया ४४

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण ४५

३.७ शोधको अवधारणात्मक ढाँचा ४६

## अध्याय : चार

## प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन


| | | |
|---|---|---|
| ४.१ | विषय प्रवेश | ४८ |
| ४.२ | प्राच्य शिक्षाको अवधारणा | ४८ |
| ४.२.१ | प्राच्य शिक्षाको उद्‌विकास | ५३ |
| ४.२.२ | नेपालमा प्राच्य शिक्षाको उद्‌गम | ६० |
| ४.२.३ | प्राच्य शिक्षाको लक्ष्य तथा उद्देश्य | ६२ |
| ४.२.४ | प्राच्य शिक्षाको स्वरूप | ६८ |
| ४.२.४.१ | साधारण र विशिष्ट शिक्षा | ६९ |
| ४.२.४.२ | प्रत्यक्ष र अप्रत्यक्ष शिक्षा | ७० |
| ४.२.४.३ | व्यक्तिगत र सामूहिक शिक्षा | ७० |
| ४.२.५ | प्राच्य शिक्षाका प्रकारहरू | ७१ |
| ४.२.५.१ | औपचारिक शिक्षा | ७४ |
| ४.२.५.२ | अनौपचारिक शिक्षा | ७५ |
| ४.२.६ | प्राच्य शिक्षाका कार्यहरू | ७८ |
| ४.२.७ | प्राच्य र आधुनिक गुरुकुलबिचका समानता र असमानता | ८० |
| ४.३ | प्राच्य शिक्षामा औपचारिक र अनौपचारिक संरचना/सङ्गठन | ८० |
| ४.३.१ | गुरु | ८३ |
| ४.३.२ | शिष्य | ८७ |
| ४.३.३ | शास्त्र | ८९ |
| ४.३.४ | प्राचीनकालीन शिक्षालयहरू | ९१ |
| ४.३.५ | आधुनिक गुरुकुल तथा संस्कृत विद्यालय शिक्षाको संरचना | ९३ |

## अध्याय : पाँच

## प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन


५.१ विषय प्रवेश १०३

५.२ प्राच्य शैक्षिक व्यवस्थापनका पक्षहरू १०४

५.२.१ शैक्षिक प्रशासन र सङ्गठन १०४

५.२.२ आर्थिक व्यवस्थापन ११८

५.२.३ शिक्षक प्रशासन १२५

५.२.४ विद्यार्थी प्रशासन १३६

५.२.५ विद्यार्थी मूल्याङ्कन १४२

५.२.६ भौतिक व्यवस्थापन १४६

५.२.७ शैक्षणिक व्यवस्थापन १५०

५.२.८ शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कन १६४


## अध्याय : छ

## प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव


६.१ विषय प्रवेश १६८

६.२ नेपालको वर्तमान शिक्षा व्यवस्थामा प्राच्य शिक्षा १६८

६.२.१ शैक्षिक प्रशासन र सङ्गठनमा प्रभाव १६८

६.२.२ आर्थिक व्यवस्थापनमा प्रभाव १७२

६.२.३ शिक्षक प्रशासनमा प्रभाव १७८

६.२.४ विद्यार्थी प्रशासनमा प्रभाव १८२

६.२.५ विद्यार्थी मूल्याङ्कनमा प्रभाव १८७

६.२.६ भौतिक व्यवस्थापनमा प्रभाव १८९

६.२.७ शैक्षणिक व्यवस्थापनमा प्रभाव १९२

६.२.८ शैक्षणिक सुपरीवेक्षण तथा मूल्याङ्कनमा प्रभाव २००

६.३ प्राच्य शिक्षाले समाजमा पारेको प्रभाव २०२

## अध्याय : सात

## सारांश र निष्कर्ष


| | | |
|---|---|---|
| ७.१ | विषय प्रवेश | २१४ |
| ७.२ | प्राप्तिको सारांश | २१४ |
| ७.२.१ | प्राच्य शैक्षिक व्यवस्थापनका औपचारिक तथा अनौपचारिक संरचना/सङ्गठन | २१५ |
| ७.२.२ | प्राच्य शिक्षामा शैक्षिक व्यवस्थापन | २१७ |
| ७.२.३ | प्राच्य शिक्षाले नेपालको वर्तमान शिक्षा व्यवस्थामा पारेको प्रभाव | २२० |
| ७.३ | निष्कर्ष | २२४ |
| ७.४ | शैक्षिक उपयोग | २२८ |
| ७.४.१ | प्रशासन र सङ्गठनसँग सम्बन्धित उपयोग | २२८ |
| ७.४.२ | आर्थिक व्यवस्थापनसँग सम्बन्धित उपयोग | २२९ |
| ७.४.३ | शिक्षक प्रशासनसँग सम्बन्धित उपयोग | २३० |
| ७.४.४ | विद्यार्थी प्रशासनसँग सम्बन्धित उपयोग | २३० |
| ७.४.५ | विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित उपयोग | २३१ |
| ७.४.६ | भौतिक व्यवस्थापनसँग सम्बन्धित उपयोग | २३१ |
| ७.४.७ | शैक्षणिक व्यवस्थापनसँग सम्बन्धित उपयोग | २३१ |
| ७.४.८ | शैक्षिक सुपरीवेक्षण तथा मूल्याङ्कनसँग सम्बन्धित उपयोग | २३२ |
| ७.५ | सम्भावित शोधशीर्षकहरू | २३३ |
| | परिशिष्टहरू | २३४ |
| | सन्दर्भ सामग्रीहरू | २५० |

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| अनु | = | अनुवादक |
| आप्राशिप | = | आधारभूत तथा प्राथमिक शिक्षा परियोजना |
| आउमावि | = | आवासीय उच्च माध्यमिक विद्यालय |
| आव्यस | = | आश्रम व्यवस्थापन समिति |
| उमाशिप | = | उच्च माध्यमिक शिक्षा परिषद् |
| उराशिआ | = | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| कस | = | कम सङ्ख्या |
| गापा | = | गाउँपालिका |
| गुआव्यप | = | गुरुकुल आश्रम व्यवस्थापन परिषद् |
| गुसंविमावि | = | गुरुकुल संस्कृत विद्याश्रम माध्यमिक विद्यालय |
| निमावि | = | निम्न माध्यमिक विद्यालय |
| नेराशियोआ | = | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| नेसंवि | = | नेपाल संस्कृत विश्वविद्यालय |
| नेशिवि | = | नेपाल शिक्षा विधान |
| नेस | = | नेपाल सरकार |
| प्रअ | = | प्रधानाध्यापक |
| प्रा | = | प्राध्यापक |
| प्राडा | = | प्राध्यापक डाक्टर |
| प्रावि | = | प्राथमिक विद्यालय |
| पाविके | = | पाठ्यक्रम विकास केन्द्र |
| पिएच.डी. | = | डाक्टर अफ् फिलोसफी |
| मसंगु | = | महेश संस्कृत गुरुकुलम् |
| मसंवि | = | महेन्द्र संस्कृत विश्वविद्यालय |
| मावि | = | माध्यमिक विद्यालय |
| रापाप्रा | = | राष्ट्रिय पाठ्यक्रम प्रारूप |
| राशिआ | = | राष्ट्रिय शिक्षा आयोग |
| राशिनी | = | राष्ट्रिय शिक्षा नीति |
| राशिपयो | = | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| वि | = | विद्यार्थी |
| विव्यस | = | विद्यालय व्यवस्थापन समिति |
| विसं | = | विक्रम संवत् |
| वि.स | = | विद्यार्थी संख्या |
| विसधसंवेवि | = | विराट् सनातन धर्म संस्कृति वेद विद्याश्रम |

| | | |
|---|---|---|
| सं | = | संवत् |
| संपा | = | संस्कृत पाठशाला |
| सम्पा | = | सम्पादक |
| सराशिस | = | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति |
| शाउशिआ | = | शाही उच्च शिक्षा आयोग |
| शिअसं | = | शिक्षक अभिभावक संघ |
| शिविप्रम | = | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| शि.स | = | शिक्षक सङ्ख्या |
| शैजविके | = | शैक्षिक जनशक्ति विकास केन्द्र |
| त्रिवि | = | त्रिभुवन विश्वविद्यालय |

## Abbreviations

| | | |
|---|---|---|
| CDC | = | Curriculum Development Centre |
| CERID | = | Research Centre for Educational Innovation and Development |
| EP | = | European Parliament |
| MOE | = | Ministry of Education |
| SSRP | = | School Sector Reform Plan |
| TU | = | Tribhuvan University |

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १.१ | नेपालमा विद्यमान परम्परागत (धार्मिक) विद्यालयहरूको सङ्ख्या | ९ |
| तालिका नं. ३.१ | नेपालमा सञ्चालित प्रदेशगत गुरुकुल विद्यालय विवरण | ३९ |
| तालिका नं. ३.२ | नमुना छनोटमा परेका र अध्ययन गरिएका प्रदेश, जिल्ला र गुरुकुल/आश्रमसम्बन्धी विवरण | ४० |
| तालिका नं. ३.३ | अध्ययनमा सहभागी उत्तरदाता सम्बन्धी विवरण | ४२ |
| तालिका नं. ३.४ | शोधको अवधारणाात्मक ढाँचा | ४७ |
| तालिका नं. ४.१ | प्राचीनकालीन शिक्षालय सम्बन्धी विवरण | ९१ |
| तालिका नं. ४.२ | नेपालको विद्यालय शिक्षा संरचना | ९४ |
| तालिका नं. ४.३ | संस्कृत र वेदविद्याश्रम विद्यालय संरचना | ९४ |
| तालिका नं. ४.४ | संस्कृत विश्वविद्यालय शिक्षाको संरचना | ९५ |
| तालिका नं. ४.५ | विद्यालय शिक्षाको तहगत संरचना र उमेर | ९६ |
| तालिका नं. ४.६ | नेपालमा पाठशाला, शिक्षक र विद्यार्थीहरूको सङ्ख्या | ९८ |
| तालिका नं. ४.७ | नेपालको प्रशासन र शिक्षा सङ्गठन | ९९ |
| तालिका नं. ४.८ | शिक्षा मन्त्रालयको सङ्गठनात्मक विवरण | १०० |
| तालिका नं. ४.९ | बाइसी राज्यमा प्रशासनका विभिन्न पदहरू | १०१ |
| तालिका नं. ५.१ | राणाशासन कालसम्मको मुख्य शैक्षिक घटना सम्बन्धी विवरण | १०७ |
| तालिका नं. ५.२ | गुरुकुल शिक्षा कक्षा १-३ पाठ्यक्रम ढाँचा | १५५ |
| तालिका नं. ५.३ | गुरुकुल शिक्षा कक्षा ४-५ पाठ्यक्रम ढाँचा | १५५ |
| तालिका नं. ५.४ | गुरुकुल शिक्षा कक्षा ६-८ पाठ्यक्रम ढाँचा | १५६ |
| तालिका नं. ५.५ | गुरुकुल शिक्षा कक्षा ९-१० पाठ्यक्रम ढाँचा | १५७ |
| तालिका नं. ५.६ | गुरुकुल शिक्षा कक्षा ९-१० संशोधित पाठ्यक्रम ढाँचा | १५८ |
| तालिका नं. ५.७ | गुरुकुल शिक्षा कक्षा ११-१२ संशोधित पाठ्यक्रम ढाँचा | १५८ |

# चित्र सूची

(परिशिष्ट-ङ मा राखिएको)


| | | |
|---|---|---|
| चित्र नं. १ | प्रदेश छुट्टिएको नेपालको नक्शा | २४० |
| चित्र नं. २ | अन्तर्वार्ताको क्रममा प्राचार्य ज्ञानचन्द्र उपाध्यायसँग अनुसन्धाता, कैलाली | २४० |
| चित्र नं. ३ | अन्तर्वार्ताको क्रममा शिक्षक श्रीधर पौडेलसँग अनुसन्धाता, नवलपरासी पूर्व | २४१ |
| चित्र नं. ४ | विशेषज्ञ प्रा.डा. ऋषिराम शर्मा पोखरेलसँग अनुसन्धाता, काठमाडौँ | २४१ |
| चित्र नं. ५ | अन्तर्वार्ताको क्रममा विशेषज्ञ तेज विक्रम शाहसँग अनुसन्धाता, जाजरकोट | २४१ |
| चित्र नं. ६ | अन्तर्वार्ताको क्रममा आश्रम व्यवस्थापन समितिसँग अनुसन्धाता, झापा | २४२ |
| चित्र नं. ७ | अवलोकनको क्रममा विशेषज्ञ तोयानाथ पौड्यालसँग अनुसन्धाता, धादिङ | २४२ |
| चित्र नं. ८ | अन्तर्वार्ता पश्चात् ९० वर्षीय विशेषज्ञ रुद्रप्रसाद भट्ट, धादिङ | २४२ |
| चित्र नं. ९ | ऋषि वशिष्ठको कुटी | २४३ |
| चित्र नं. १० | ऋषि याज्ञवल्क्य | २४३ |
| चित्र नं. ११ | ऋषि वाल्मीकि | २४३ |
| चित्र नं. १२ | प्राचीनकालका गुरु-शिष्यहरू | २४४ |
| चित्र नं. १३ | विदुषी गार्गी | २४४ |
| चित्र नं. १४ | अन्तर्वार्ता पश्चात् डा. गुरुप्रसाद सुवेदीसँग अनुसन्धाता, तनहुँ | २४४ |
| चित्र नं. १५ | वेदवेदाङ्गसंस्कृत गुरुकुलमा अवस्थित गौशाला, साधुटार, झापा | २४५ |
| चित्र नं. १६ | शिष्यहरू अध्ययन गर्दै, वेदवेदाङ्ग संस्कृत गुरुकुल, साधुटार, झापा | २४५ |
| चित्र नं. १७ | प्राचीन गुरुकुल | २४५ |
| चित्र नं. १८ | लिच्छविकालीन गुरुकुल | २४६ |

| | | |
|---|---|---|
| चित्र नं. १९ | स्थलगत अवलोकनको क्रममा गुरु-शिष्यबीचको शिक्षण सिकाइ क्रियाकलाप हुँदै पोखरा चिसाखोला वेद विद्याश्रम, सराङ्कोट, कास्की | २४६ |
| चित्र नं. २० | अन्तर्वार्ता पश्चात् प्रा. दिनेशराज पन्त, काठमाडौँ | २४६ |
| चित्र नं. २१ | अन्तर्वार्ता पश्चात् प्राचार्य छविराज रेग्मीसँग अनुसन्धाता, इलाम | २४७ |
| चित्र नं. २२ | राष्ट्रपिता पृथ्वीनारायण शाह | २४७ |
| चित्र नं. २३ | बौद्ध शिक्षा | २४७ |
| चित्र नं. २४ | तक्षशिला विश्वविद्यालय | २४८ |
| चित्र नं. २५ | पशुपति मन्दिर | २४८ |
| चित्र नं. २६ | अध्ययनमा सहभागी शिष्यहरू, महेश संस्कृत गुरुकुल, देवघाट, तनहुँ | २४८ |
| चित्र नं. २७ | मल्लकालीन गुरुकुल | २४९ |
| चित्र नं. २८ | अनुशासन प्रदर्शन गर्दै शिक्षण सिकाइ क्रियाकलापमा सहभागी शिष्यहरू, पोखरा चिसाखोला वेदविद्याश्रम, कास्की | २४९ |
| चित्र नं. २९ | गुरु-शिष्य सिकाइमा अभ्यस्त हुँदै वेदवेदाङ्ग संस्कृत पाठशाला, झापा | २४९ |